खण्डः ३, संख्याः ४ , भागः २

सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः ४ , भागः २

सिलीचोङ गाउँपालिका

ताम्कु सङ्खुवासभा।

# सिलीचोङ गाउँपालिकाको करार कर्मचारी कल्याण कोष सम्वन्धी कार्यविधी २०७६

सिलीचोङ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७६।०३।३० गतेको ४५औं बैठकबाट पारित।

**प्रस्तावनाः**

संविधानको कार्यन्वयन संगै सिलीचोङ गाउँपालिकाको स्विकृत दरबन्दी भित्र कार्यरत कर्मचारीहरु अन्यत्र समायोजन भई गईरहेको परिपेक्षमा उक्त खाली दरबन्दीमा करार सेवाबाट पदपूर्ती गरी सार्वजनिक सेवा प्रवाह भइरहेको अवस्था छ । यस सन्दर्भमा करारमा कार्यरत कर्मचारी सो दरबन्दीमा स्थायी कर्मचारी पदपूर्ती भई आएमा स्वत सेवाबाट अवकास हुने अवस्थालाई मध्यनजर गर्दै उक्त कर्मचारीले सेवाबाट अवकास हुँदा केही हदसम्म मौद्रिक क्षतिपूर्तीको अवस्था होस भन्ने

सिलीचोङ गाउँ कार्यपालिका कार्यालय

मनसायले यो कार्यविधी निर्माण गरी यस सिलिचोङ गाउँपालिकाको कार्यपालिकाको मितिः २०७६।०३।३० गतेको ४५ औं कार्यपालिका बैठकबाट निर्णय गरि जारी गरिएको छ ।

**(१) संक्षीप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधीको नाम सिलिचोङ गाउँपालिकाको करार कर्मचारी कल्याण कोष सम्बन्धि कार्यविर्ध २०७६ रहेकोछ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्विकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)करार कर्मचारी भन्नाले सिलिचोङ गाउँपालिकाको आफ्नो श्रोतबाट तलबभत्ता व्यवस्था गर्नुपर्ने कर सेवामा कार्यरत कर्मचारीहरुलाई बुझिनेछ ।

(ख) गाउँपालिका भन्नाले सिलिचोङ गाउँपालिकालाई बुझिनेछ ।

(ग) प्रमुख प्रशासकिय अधिकृत भन्नाले सिलिचोङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत भई कार्यरत कर्मचारिलाई बुझिनेछ ।

**(३) कार्यवीधिको क्षेत्रः**

(क) यो कार्यविधी सिलिचोङ गाउँपालिकाको कार्यपालिकाबाट स्विकृत दरबन्दी भित्र करारमा कार्य कर्मचारीहरुको लागी मात्र लागु हुनेछ ।

**(४) कर्मचारी कल्यण कोषको व्यवस्थाः**

(क) नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंकमा कर्मचारी कल्याण कोष स्थापना गरिनेछ ।

(ख) उक्त कोष खाताको संचालन यस गाउँपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुख संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(ग) उक्त कोषको लेखा परिक्षण प्रचलित कानुन बमोजिम गाउँपालिकाले गर्नुपर्नेछ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

उपदफा क वमोजिम बैंकमा खाता नखोलि प्रत्येक कर्मचारिको गाउँपालिका कर्मचारी संचय कोष वा नागरिक कोषमा प्रत्येक कर्मचारिको व्यक्तिगत अवकाश कोष दर्ता गराएर समेत कोषको व्यवस्थापन गर्न सकिने छ ।

**(५) कोषको वित्तिय व्यवस्थापनः**

(क) कर्मचारी कल्याण कोष करारमा कार्यरत कर्मचारीको मासिक सुरु तलव स्केलमा १० प्रतिशत कट्टा गरी कार्यालयबाट कट्टा बराबरको रकम नै थप गरी कर्मचारी कल्याण कोष खातामा जम्मा गरीनेछ ।

(ख) कार्यालयको तर्फबाट थप गरीने रकम उक्त कर्मचारीले जुन शिर्षकबाट पारिश्रमीक पाएको हो सोही शिर्षकबाट व्यवस्था गर्नुपर्नेछ ।

**(६) कर्मचारी कल्याण कोष भूक्तानीको व्यवस्थाः**

(क) कर्मचारी कल्याण कोषबाट करार कर्मचारीले रकम भूक्तानी पाउनको लागी उक्त करार सेवाबाट अवकास भएको हनुपर्नेछ ।

(ख) कर्मचारी सेवाबाट अवकास पाएपछि उक्त कर्मचारीले कर्मचारी कल्याण कोषमा जम्मा भएको आफ्नो रकम भूक्तानी मागको लागी स्वंय उपस्थित भई कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(ग) कर्मचारीको निवेदन प्राप्त भएपछि कार्यालयले सो कर्मचारीको हालसम्म जम्मा भएको कल्या कोषको रकम र सोको व्याज समेत मूल्यांकन गरी निजबाट कुनै प्रकारका सरकारी असुउपर बाँकी रहे सो असुली भूक्तानी दिनुपर्नेछ ।

(घ) उपदफा क, ख र ग मा जुनसुकै कुरा लेखिएको भएतापनि उक्त कर्मचारीको मृत्यू भएमा वा निज कर्मचारी कार्यालयमा स्वंय उपस्थित हुन नसक्ने अवस्थाको मानसिव कारण पेश भएमा निज कर्मचारीको एकासगोलको प्रचलित कानुन बमोजिमको सबैभन्दा निजिकको हकवालाले माथि उल्लेखित प्रकृया पुरा गरी रकम भूक्तानी लिन सक्नेछ । त्यस्तो सबैभन्दा नजिकको हकवाला एक भन्दा बढि भएमा सबै हकवालाबाट सामुहिक निवेदन लिई दामासाहीले भूक्तानी दिईनेछ ।

(ङ) दफा ४(घ) बमोजिम अवकाश कोशमा दर्ता गराई कर्मचारि कल्याण कोषको व्यवस्थापन गरिएको भएमा पनि यसै दफा बमोजिम भुक्तानि प्रकृया अपनाईने छ ।

**(७) समस्याको निरुपणः**

यस कार्यविधिमा उल्लेखित कुनै विषयमा दुविधा सिर्जना भएमा वा कुनै विषयमा निर्णय गर्नुपर्ने भएमा प्रमुख प्रशासकिय अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**(८) संशोधनः** यो कार्यविधि संशोधन कार्यपालिकाले आवश्यकतानुसार गर्न सक्नेछ ।

**(९) खारेजी र बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि व्यवस्था भएका करार कर्मचारी कल्याण कोष सम्बन्धि व्यवस्था यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय